# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०६।२६ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

---

प्रहरी प्रधान कार्यालय अन्तर्गत कार्यरत प्र.ना.नि. रोशन शाह समेतका विभिन्न दर्जाका कर्मचारीहरुले नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी कार्यरत रहेको हुँदा छानविन गरी आवश्यक कारवाही गरीपाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निजले शुरु नियुक्ति (प्र.स.नि.) हुने प्रयोजनको लागि अपर सचिव, माध्यमिक शिक्षा परिषद, क्षेत्रीय कार्यालय इलाहाबादबाट इन्टरमिडियट उतिर्ण भएको नक्कली एवं झुठ्ठा प्रमाण-पत्रहरु पेश गरी प्रहरी सहायक निरीक्षक पदमा नियुक्ति लिई हाल प्रहरी नायव निरीक्षक पदमा बहाल रही सार्वजनिक निकायबाट लाभ लिई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता